| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आगलागी नियन्त्रणमा पूर्वतयारीको खाँचो

**वैशाखको धुपमा आगलागीका घटना बढ्न थालेको छ । चैतबाट शुरु भएको आगलागी पछिल्ला दिनमा झनै बढ्न थालेका छन् । कतिको घर खरानी बनेका छन् भने कति जंगल डढेर कालै भएको छ ।**

**केही दिनयता यसरी नै आगलागी भएका घटनाको 'हेडलाइन' बन्न थालेको छ । गर्मी याम सुरु हुनुपूर्व हावाहुरी चल्दा देशका विभिन्न जिल्लामा आगलागीका घटना बढ्दो छ । यस्तो घटना हरेक वर्ष हुने गर्छ । सरकारले सहरी क्षेत्रका लागि दमकलको व्यवस्था गरेको भए पनि ग्रामीण क्षेत्रमा यस्तो व्यवस्था छैन । सडक, विद्युत्, यातायातमा लगानी गरेको सरकारले यसरी आगलागी हुँदा सावधानी अपनाउन भन्दै आग्रह गर्नेमात्र हो । अरू गर्नसक्ने हैन ।**


**आगलागी डरलाग्दो घटना हो । यो नियन्त्रणका लागि सबैभन्दा पहिलो हो, पूर्वतयारी । आगलागीका घटना जुनसुकै बेला जहाँ पनि हुन सक्छ । आगो नियन्त्रणको सबैभन्दा उत्तम उपाय पानी नै हो । तर नेपालका ग्रामीण क्षेत्रदेखि सहरी क्षेत्रमा पानीको अभाव छ । जलस्रोतको धनी देश भनेर गफ जोतेको सरकारले खुल्ला क्षेत्रमा पानीको जोहो हुनेगरी पोखरी र ड्यामहरू बनाउन सकेको छैन ।**

**यतिमात्र हैन पानीको स्रोतकै संरक्षणमा सरकारको चासो देखिन्न । स्थानीयस्तरमा उपलब्ध ढुंगेधारा, इनार, पोखरी, कुवा, जरुवा, कुलो, ताल आदिको समय–समयमा सरसफाइ र मर्मतसम्भार गरेर जोगाउन सके आगो लाग्दा यहाँका पानी अचुक औषधि हुन सक्छन् ।**

**यसैगरी आगो लाग्दा कसरी बच्ने, के गर्ने भन्ने विषयमा तालिमसमेत हुँदैन । विकसित देशमा महिनाको एक पटक आगो लाग्दा अपनाउनुपर्ने सुरक्षा व्यवस्थाबारे तालिम दिइन्छ । नेपालमा माटो सुहाउँदो पूर्वाधार भनेको पानीको स्रोतको संरक्षण हो । वडावडामा हेलिप्याड बनाउनुभन्दा पोखरी बनाउनुतिर सरकारले ध्यान दिए आगामी दिनमा आगलागीबाट क्षति कम हुने थियो ।**

**हावाहुरी, चट्याङ, आगलागीसँगै अब वर्षात्को मौसम पनि सुरु हुँदै छ । वर्षा लागेपछि बाढीपहिरोको जोखिम उच्च हुने गर्दछ । त्यसैले हरेक विपत्तिबाट जोगिने र जोगाउने पूर्वतयारी गर्न जरुरी छ । सरकारले विपद्को जोखिम न्यूनीकरणकै लागि छुट्टै प्राधिकरण गठन गरी कार्याधिकार दिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणले यसका लागि काम गरिरहेको छ । तर, प्राधिकरणका कार्यहरू अझै पर्याप्त हुन सकिरहेको छैन । प्राकृतिक विपत्तिलाई कसैले रोक्न सक्दैनन्, तर ती विपद्को जोखिम कम गर्न सकिन्छ । त्यसका लागि थप प्रभावकारी रूपमा प्राधिकरणले काम गर्न जरुरी छ ।**

# राजनेता मनमोहन अधिकारीलाई सम्झिँदा



▶▶ ईश्वर पोखरेल

> नेपालमा योजनाबद्ध विकासको थालनी २०१३ सालबाट भए पनि ४४ वर्षसम्म गाउँमा विकास समानुपातिक हिसाबले पुगेको थिएन । मनमोहनको सरकारले सबै गाउँमा समानुपातिक हिसाबले विकासको लहर सिर्जना गर्न "आफ्नो गाउँ आफैं बनाऔं", "नौ स"को अभियानका साथ सिंहदरबार वरिपरि रहने विकासको बजेट रकम सोझै हरेक गाउँमा पठाउन थालेपछि देशव्यापी रुपमा विकासको लहरको सुरुआत भयो । ज्येष्ठ नागरिक, महिला, असहाय र बालबालिकालाई सम्मान गर्दै सामाजिक सुरक्षा सुविधाअन्तर्गत भत्ता र सुविधा दिन थालेपछि मनमोहन अधिकारी ज्येष्ठ नागरिकको समेत अभिभावक भएर राष्ट्रभर परिचित हुनुभयो ।

मनमोहन अधिकारी नेपालको कम्युनिस्ट पार्टीभन्दा पनि जेठा कम्युनिस्ट नेता हुनुहुन्छ । २००४ सालभन्दा पहिले नै भारतीय स्वतन्त्रता संग्राममा उहाँ सहभागी हुनुभएको थियो । मनमोहन अधिकारीमा सानो उमेरदेखि नै राजनीतिक चेतना जागृत भएको थियो । चन्द्र शमशेरको प्रधानमन्त्रीत्वकालमा राणाविरोधी गतिविधि बढ्दै जाँदा पिता रामचन्द्र अधिकारीलाई निर्वासनको सजाय दिइएपछि उहाँ बुबासँगै निर्वासनमा भारत जानुभएको थियो । यस क्रममा उहाँ गिरफ्तारीमा पर्नुभयो र भारतीय जेलमा राजबन्दीका रूपमा रहनुभयो । त्यही कम्युनिस्ट पार्टीको सदस्य बन्नु भएको थियो ।


कम्युनिस्ट आन्दोलनमा सहभागी हुन नेपाल आगमन, विराटनगर जुट मिलमा काम गर्न सुरू गरेको, नेपालका मजदुरहरूलाई संगठित गर्ने कामको प्रारम्भ गर्नेमा उहाँ अगुवा हुनुहुन्थ्यो । मजदुरहरूलाई भड्काएको भन्दै तत्कालीन सरकारले उहाँलाई गिरफ्तार गऱ्यो । उहाँले लामो समय बन्दी जीवन बिताउनुपऱ्यो । यसले गर्दा नेपाल कम्युनिस्ट पार्टी स्थापना हुँदाका बखत (२००६ साल वैशाख १० गते) संस्थापक सदस्य हुन पाउनु भएन । जे होस् नेपालको वाम आन्दोलन, प्रजातान्त्रिक आन्दोलन, मजदुर आन्दोलनमा मनमोहन अधिकारीले अग्रणी नेतृत्वकारी भूमिका निर्वाह गरेर नेपालको राजनीतिमा राजनेताको दर्जा पाउनुभएको छ ।

मनमोहन अधिकारी नेपालको कम्युनिस्ट आन्दोलनभित्रको निरन्तरताको पर्याय हुनुहुन्छ । उहाँ जहिलेदेखि कम्युनिस्ट पार्टीसित सम्बन्धित हुनुभयो त्यसबेलादेखि जस्तासुकै प्रतिकूलताका बीचमा पनि निरन्तरता र सक्रियतामा भने कमी आएन । पार्टीको प्रमुख नेता हुँदा वा शासनसत्तामा रहँदा मात्र होइन, प्रतिक्रियावादी सत्ताबाट लखेटिँदा र दमनमा पर्दासमेत मनमोहनको आन्दोलनको योद्धा बनिरहनुभयो। समकालीन कतिपय साथीहरूमा राजनीतिक विचलन आउँदा पनि उहाँ सतिसालजस्तै अविचलन रही मुलुकमा कम्युनिस्ट आन्दोलनलाई हाँक्नुभयो ।

उहाँलाई नेपालको कम्युनिस्ट आन्दोलनभित्र देखापर्ने अतिवादको विपक्षमा सधैँ उभिरहने दृढ° व्यक्तित्वको रूपमा सबैले बुझ्ने गर्दछन् । उहाँको स्वभाव र विचारमासमेत नरम भाव थियो । सबैसँग मिलनसार रहने र आफ्नो कुरामा प्रतिबद्ध रहने भएकाले उहाँको राजनीतिक निष्ठा र इमान्दारितालाई सबैले सम्झने गर्दछन् । विरोध र असहमतिका बीच पनि आधारभूत कुरामा भने सधैँ दृढ अडान राख्नुहुन्थ्यो ।

उहाँ दुई-दुई पटक जनताको मतबाट शानदार किसिमले विजयी बनेर सांसद बन्नुभयो । २०५१ को निर्वाचनमा एकैपटक राजधानीका दुई निर्वाचन क्षेत्रबाट ठूलो अन्तरले विजयी बन्नुभयो । नेपालकै इतिहासमा कम्युनिस्ट पार्टी स्थापना भएको ४५ वर्ष पछाडि जनताबाट निर्वाचित भएर सरकार कम्युनिस्ट पार्टीको नेतृत्वमा एकल सरकार गठन भएको थियो । उहाँ सांसद बन्नुभयो, प्रतिपक्षी दलको नेता बन्नुभयो, तर उहाँकै जीवनस्थितिमा खास कुनै परिवर्तन देखिएन । सादापन तथा जनता र कार्यकर्तासितको सम्पर्क-सम्बन्धमा कहीं कसैले कुनै टिप्पणीसमेत गरेको पाइँदैन ।

मनमोहन अधिकारी त्यसैले उहाँलाई कम्युनिस्ट आन्दोलनभित्रको सादगीपूर्ण जीवन बाँच्ने विवादरहीत व्यक्तित्वको रूपमा लिने गरिन्छ । कम्युनिस्ट पार्टीको नेता तर असल मान्छेको रूपमा चिनिन चाहने- बाँचिरहन चाहने व्यक्ति हुनुहुन्थ्यो उहाँ । उहाँ दक्षिण एसियाकै प्रथम कम्युनिस्ट प्रधानमन्त्री तथा नेकपा एमालेका प्रथम अध्यक्षसमेत हुनुहुन्छ । मुलुकको प्रधानमन्त्री पदमा रहँदा वा पार्टीको अध्यक्ष हुँदा उहाँमा कहिल्यै



घमण्ड र मपाइँत्व आएन, सादगीपूर्ण जीवनबाट कहिल्यै विचलित हुनुभएन । सधैँ आफूलाई नेता वा प्रधानमन्त्रीका रूपमा भन्दा पनि एउटा असल नागरिक/असल मानिसका रूपमा चिनून्, बुझून् भन्ने चाहनुहुन्थ्यो । उहाँ कहिल्यै विवादमा पर्नु भएन र सधैँभरि आफूलाई असल मान्छेको रूपमा स्थापित रहनुभयो । उहाँले सत्ताका लागि भनेर मूल्य, मान्यताविपरीत गएर राजनीति गर्न कहिल्यै रुचाउनुभएन । सबैलाई सम्मानपूर्वक ढंगले हेर्ने, सद्व्यवहार गर्ने र समस्यामा केन्द्रित भएर छलफल गर्ने तथा निष्कर्षमा पुग्ने र यसका लागि कहीं कतै असहज नमान्ने उहाँको स्वभाव थियो ।

वि.सं. २०५१ को निर्वाचनपछि कुनै पनि दलले स्पष्ट बहुमत नल्याएको र एमाले सबैभन्दा ठूलो दल भएका कारण सरकार बनाउने स्थितिमा पुग्यो । मनमोहन अधिकारी प्रधानमन्त्री बन्नुभयो । यो उहाँको जीवनमा मात्र नभएर नेपालकै कम्युनिस्ट आन्दोलनका लागि युगीन महत्त्वको घटना थियो । नेपालको राजनीतिमा उहाँ २०५१ सालमा पहिलो कम्युनिस्ट प्रधानमन्त्रीमात्र बन्नुभएन, आफ्नो कार्यकाललाई जनमुखी र राष्ट्रियताको कसीमा खरोसँग उतार्न सक्षम हुनुभएको थियो । देशको शासनसत्ताले पहिलोपटक सामाजिक सुरक्षाको महत्त्वपूर्ण नीति र कार्यक्रमहरू लागू गराउन उहाँ सफल हुनुभयो ।

नेपालमा योजनाबद्ध विकासको थालनी २०१३ सालबाट भए पनि ४४ वर्षसम्म गाउँमा विकास समानुपातिक हिसाबले पुगेको थिएन । मनमोहनको सरकारले सबै गाउँमा समानुपातिक हिसाबले विकासको लहर सिर्जना गर्न 'आफ्नो गाउँ आफैं बनाऔं', 'नौ स'को अभियानका साथ सिंहदरबार वरिपरि रहने विकासको बजेट रकम सोझै हरेक गाउँमा पठाउन थालेपछि देशव्यापी रूपमा विकासको लहरको सुरुआत भयो । ज्येष्ठ नागरिक, महिला, असहाय र बालबालिकालाई सम्मान गर्दै सामाजिक सुरक्षा सुविधाअन्तर्गत भत्ता र सुविधा दिन थालेपछि मनमोहन अधिकारी ज्येष्ठ नागरिकको समेत अभिभावक भएर राष्ट्रभर परिचित हुनुभयो । त्यसैले त आजपर्यन्त ज्येष्ठ नागरिकले मनमोहनको सम्झना गरिरहेका छन् । वृद्धभत्ता दक्षिण एसियामै सामाजिक सुरक्षाको एउटा नमूना कार्यक्रम बन्यो ।

नेपालको भूराजनीतिक संवेदनशीलताप्रति अति नै संवेदनशील र दीर्घकालीन र स्थायी समाधानका लागि जिम्मेवारीपूर्वक पहल र प्रयत्न गर्ने (१९५० को नेपाल-भारतबीच भएको सन्धिको पुनरावलोकन गर्ने विषयलाई औपचारिक रूपमा उठाउने) नेपालको प्रथम प्रधानमन्त्रीका रूपमा उहाँलाई लिने गरिन्छ । प्रधानमन्त्री रूपमा पहिलोपटक भारत भ्रमण गरेको बेला पहिलोपटक १९५० को सन्धिको पुनरावलोकन गर्नुपर्ने कुरा उठाउने पहिलो प्रधानमन्त्री उहाँ नै हो । त्यतिमात्र होइन, भारतीय पक्षलाई समेत त्यसलाई स्वीकार गर्न लगाउन उहाँ सफल हुनुभएको थियो ।

राजनीतिमा मौलाउन सुरू गरेको विकृति-विसंगतिले ठाउँ पाउला भन्ने कुराबाट उहाँ हमेशा सतर्क रहनुहुन्थ्यो । प्रधानमन्त्री हुँदा र नहुँदाको दुवै अवस्थामा उहाँमा यी कुरा समान रहे । जनतासितको निरन्तर र गाढा सम्पर्कमा बाँच्न चाहने र त्यसैलाई आफ्नो ऊर्जाको स्रोत ठान्नुहुन्थ्यो । उहाँ अत्यन्त दृढ र आदर्शप्रति समर्पित तथा जनतासितको सम्बन्धमा ऊर्जावान् भइरहने नेता हुनुहुन्थ्यो । जनतासितको घनिष्ठ सम्पर्क, सम्बन्धमा उहाँ बाँच्न चाहनुहुन्थ्यो । जस्तोसुकै प्रतिकूल स्थितिमा पनि जनतामा जान रुचाउने उहाँले कहिल्यै आराम लिन चाहनुभएन । बेहोस भएर मृत्युको मुखमा पुग्ने बेलासम्म पनि उहाँको यो स्थिति कायम रह्यो ।

मुलुक आज संघीय लोकतान्त्रिक गणतन्त्रको ठाउँमा पुग्नुमा उहाँ जस्ता पहिलो पुस्ताका नेताहरूको उन्नत स्तरको चेतना, त्याग र अठोटबाट मात्रै सम्भव भएको हो । उहाँको जीवन नयाँ पुस्ताका लागि पढ्नैपर्ने खुला किताबजस्तै रहेको छ । उहाँको एउटा सपना थियो- राजनीतिलाई विकृति/विसंगतिबाट मुक्त बनाउन कम्युनिस्टले बहुमतको सरकार बनाउनैपर्छ । उहाँको त्यो सपना केवल सपना थिएन, सुझबुझपूर्ण राजनीतिक निष्कर्ष थियो । उहाँको त्यो सपना पूरा गर्न लागिपर्नु एमालेको मात्र नभएर सबै प्रगतिशील तथा देशभक्त शक्ति तथा देशवासीहरूको कर्तव्य हो । यही कर्तव्यको पालनाले मात्र मनमोहन अधिकारीले देख्नुभएको सुन्दर सपनालाई साकार पार्न सकिन्छ । *रासस*

*(नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष पोखरेल २०५१ सालको मनमोहन अधिकारी नेतृत्वको सरकारको प्रमुख राजनीतिक सल्लाहकार भएका थिए । प्रस्तुत लेख नेता पोखरेलसँग गरिएको कुराकानीमा आधारित छ ।)*

## मननयोग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

क्रमशः

## पत्र-मञ्जुषा

# बचतकर्ताको पीडा : पैसा कहिले फिर्ता पाउने ?

सर्वसाधारण दैनिक आ-आफ्नो कामले बाहिर निस्किन्छन् । कुनै जागिर खान, कुनै आफ्नै व्यापार गर्न, कुनै बिरामी भेट्न त कुनै कहाँ । तर, अहिले यसको ठ्याक्कै उल्टो भएको छ । आफ्नो काममा जान छोडेर सहकारी, लघुवित्त र बैंकमा धाउँदै ठिक्क भएको छ,, सर्वसाधारणलाई ।

सरकारी होस् या निजी कर्मचारी, बहाना बनाएर कार्यालयबाट छुट्टी लिने अनि आफ्नो डुब्या पैसा पाइन्छ कि भनेर सहकारी र लघुवित्त धाउने । व्यापारीहरू सटर नै बन्द गरेर सहकारी र लघुवित्त धाइरहेका छन् । अधिकांश वृद्धवृद्धाले आफ्नो ज्येष्ठ नागरिक भत्ता सहकारी र लघुवित्तमा राखेका थिए ।

अहिले उनीहरूको पनि त्यही गएर दिनभरि कुर्ने ड्युटी लागेको छ । खाना खायो, वित्तीय संस्थाको कार्यालयमा पुगिहाल्यो । पहिलेपहिले सहकारी, लघुवित्त र फाइनान्सका कर्मचारी घरघरमा पैसा लिन आउँथे । तर, अहिले विपरीत अवस्था छ । आफ्नो पैसा पाइन्छ कि भनेर सर्वसाधारणलाई कामधन्दा छोडेर वित्तीय संस्थाको पछि लाग्दै ठिक्क भएको छ ।

आफ्नै पैसाले दुःख दिएको अवस्था छ । एकातिर व्यापार व्यवसाय बन्द गरेर धाउनुपरेको छ भने अर्कोतिर भाडा पाकिरहेको छ । सटरको भाडा तिर्नैपऱ्यो । अर्काको जागिर खानेलाई पनि कहाँ सुख छ र ! दिनहुँ छुट्टी माग्दा कामबाटै निकालिदिने हो कि भन्ने डर हुन्छ । अहिले धेरैको धन्दा वित्तीय संस्थाको कार्यालय धाउने भएको छ ।

तर, पैसा भने पाएका छैनन् । आजभोलि भन्दै झुल्याउने काममात्रै भइरहेको छ । गाउँदेखि सहरसम्म सबैको उस्तै हालत छ । जताततै सहकारी, लघुवित्त र फाइनान्सले डुबाएका पीडित छन् । फाइनान्सहरू घाटामा गएका छन् । बैंकको अवस्था पनि पछिल्लो समय त्यस्तै छ ।

लघुवित्त र सहकारी त भागि नै सकेको छ । भएका छिटफुटले पनि पैसा फिर्ता दिन सकेका छैनन् । बढी ब्याजको प्रलोभन देखाएर बैंक तथा वित्तीय संस्थाले निक्षेप संकलन गऱ्यो । अहिले फिर्ता गर्नलाई दाँतबाट पसिना आइरहेको छ । वित्तीय संस्थाहरूले आफ्नो सम्पत्ति बेचेर बचत फिर्ता गर्ने आश्वासन दिइरहेका छन् ।

तर, आश्वासनले मात्र भएन । उनीहरूको वर्षौंसम्म घरजग्गा, सेयर, गाडी र सुन बिक्री नहोला । तबसम्म बचतकर्ता टुलुटुलु रमिता हेरिरहने ? घरजग्गा, सेयर र गाडीको कारोबारमा छपक्कै मन्दी आएको छ । यी क्षेत्रमा लगानी गर्ने मान्छे छैनन् । बढ्दै गरेको सुन पनि अहिले घटेको अवस्था छ ।

चार हजार रूपैयाँ प्रतिकित्तामा सेयर खरिद गर्नेहरू आज चुर्लुम्मै भएको छ । बैंकले १०० मा निकालेको सेयर न हो । गाडी खरिद-बिक्री पनि सुस्ताएको छ । घरजग्गा कारोबार त ठप्पजस्तै छ । कसले किन्छ घरजग्गा ? आनाको लाख नपर्ने जग्गाको मूल्य दिनको दुई गुणा र रातको चार गुणाले बढाइयो ।

सुनमा लगानी गर्नेहरूको पनि त्यस्तै अवस्था आउनसक्ने अड्कलबाजी गर्न थालिएको छ । किन कि बजार सधैँ माथि मात्र जाँदैन । तर, यो कुरा नेपालीले बुझ्दैनन् । अहिले बजारमा घरजग्गा, सेयर र गाडी खरिद गर्ने कोही भेटिँदैनन् । अझै पनि सहकारी, लघुवित्त र फाइनान्सका सञ्चालकले हामी धितो बेचेर पैसा फिर्ता गर्छु भन्नु भ्रम छर्नु होइन ? उनीहरू बचतकर्तालाई अल्मलाइरहेका छन् । यता अल्मलाउने उता पैसा फिर्ता नदिने । बूढापाकाले भन्थे, 'पैसा हातले दियो, खुट्टालाई दुःख ।' आफ्नै पैसाका लागि वित्तीय संस्थाको कार्यालय धाउँदाधाउँदै बचतकर्ताले दर्जनौं जुत्ता फटाइसके । यो क्रम दुई वर्षदेखि चलि नै रहेको छ ।

तर, पैसा फिर्ता आउने हो कि होइन ? टुंगो छैन । सहकारी क्षेत्र ध्वस्त भइसकेको कुरा कसैबाट लुकेको छैन । अधिकांश सहकारी भागिसकेका छन् भने केही 'घिटीघिटी' को अवस्थामा बाँचिरहेका छन् । यता, बैंक पनि डुब्ने जोखिम बढेको छ । धितोको मूल्यांकनभन्दा बढी कर्जा दिएकाले बैंकको लगानी पनि धरापमा छ ।

अधिकांश बैंकको खराब ऋण बढेको छ । बैंक तथा वित्तीय संस्थाले कहाँ कर्जा लगानी गरेको छ ? सरकारले मतलबै गरेन । छुट दियो । जसको फाइदा तिनीहरूले उठाए । जता नाफा हुन्छ, त्यतै आँखा चिम्लेर लगानी गरे । जबकि त्यो बैंक तथा वित्तीय संस्थाको होइन, आम सर्वसाधारणको बचत थियो ।

एक सय रूपैयाँको सेयर रातारात चार हजार पुग्यो । भारतमा एक लाख नपर्ने गाडी यहाँ ३५ लाखमा दलालीले बेचे । घरजग्गाको त कुरा गरिसाध्य छैन । व्यक्ति पनि घरजग्गामै लगानी गर्ने, बैंक तथा वित्तीय संस्था पनि । अहिले सबै त्यसकै असर हो । रातारात तीन गुणा बढी नाफा कमाउन खोज्दा करोडौं बचतकर्ताको विल्लीबाठ भएको छ ।

**– अनुसा थापा, भक्तपुर**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# खेटाङमा आगलागीबाट ७९ घर जले, एकको मृत्यु

**खोटाङ (प्रस)**– गत साउनदेखि यही वैशाख १२ गतेसम्म जिल्लाका विभिन्न ठाउँमा भएको आगलागीबाट ७९ वटा घर लजेर नष्ट भएको छ भने एक जनाले ज्यान गुमाएका छन् । जिल्लाका विभिन्न ११० वटा स्थानमा भएको आगलागीको घटनामा पाँच करोड रूपैयाँभन्दा बढीको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

जिल्लामा भएको आगलागीमा परेर एकजनाको मृत्यु भएको छ भने छजना घाइते भएका छन् । सामुदायिक वनमा लागेको डढेलोबाट रावाबेँसी गाउँपालिका-१ कुभिण्डेस्थित हरमटारका ८५ वर्षीय सिद्धिबहादुर श्रेष्ठको जलेर मृत्यु भएको हो ।

स्थानीय मैनाचौर सामुदायिक वन नजिकैको खेतमा झिक्रा तथा पत्कर डढाउन लगाएको आगो अनियन्त्रित भएपछि निभाउने क्रममा श्रेष्ठको जलेर मृत्यु भएको प्रहरीले जनाएको छ । विभिन्न समयमा भएका अन्य पाँचजना घाइतेको अवस्था सामान्य रहेको स्थानीयले बताएका छन् ।

आगलागीबाट १७५ वटा चौपाया र १९५ पक्षी जलेर मरेको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रमुख प्रहरी नायब उपरीक्षक पुरुषोत्तम खड्काले जानकारी दिएका छन् । 'जिल्लामा दैनिकजसो आगलागीका घटना भइरहेका छन् । आगलागी नियन्त्रण तथा उद्धारका लागि मातहतका प्रहरी परिचालन गरिएको छ,' उनले भने, 'घटनास्थलमा खटिएका प्रहरी आगलागीपीडितलाई सुरक्षित स्थानमा सार्नका साथै थप क्षति हुन नदिन रातभर जाग्राम बस्नुपर्ने बाध्यता छ । जिल्लामा भएका अधिकांश आगलागीका घटना सामुदायिक वनमा लागेको डढेलोबाट हुने गरेको पाइएको छ ।'

सामुदायिक वनमा लागेको डढेलो गाउँ पस्दा बुधबारमात्रै बराहापोखरी गाउँपालिका-१ बराहापोखरीमा १३ वटा घर जलेर नष्ट भएको छ । विभिन्न चारवटा सामुदायिक वनमा लागेको डढेलो गाउँमा पस्दा १३ वटा घर, सातवटा मचान, दुईवटा गोठ, एउटा बाख्राखोर र एउटा भान्साघर जलेर खरानी भएको हो ।

बराहपोखरीका आगलागीपीडितको उद्धार, व्यवस्थापन तथा राहत उपलब्ध गराउने काम भइरहेको वडाध्यक्ष ढकबहादुर कार्कीले जानकारी दिएका छन् । वडाध्यक्ष कार्कीका अनुसार दिउँसोको समयमा भएको आगलागीबाट मानवीय क्षति नभएको तथा क्षतिको पूर्ण विवरण आउन बाँकी छ ।

यस्तै बुधबार नै दिउँसो स्थानीय ठूलो वन सामुदायिक वनमा लागेको डढेलोले हलेसी तुवाचुङ नगरपालिका-४ बडहरेको तल्लोखोक्सेलीका भूपराज आलेमगर र भीमबहादुर बस्नेतको घर तथा नरबहादुर भुजेल, भेषबहादुर भुजेल र पदमबहादुर मगरको गोठ जलेको छ । इलाका प्रहरी कार्यालय हलेसी र प्रहरी चौकी च्यास्मीटारका प्रहरीको टोली आगो नियन्त्रण गरेर फर्किएपछि पुनः हावाहुरीले उडाएको आगोले बस्नेतको घर जलेको वडाध्यक्ष किशोर बस्नेतले बताए ।

दश स्थानीय तह रहेको जिल्लामा स्थानीय बासिन्दा आफैंले जानाजान सामुदायिक वनमा डढेलो लगाउँदा आगलागीका घटना हुने गरेको समाचार स्रोतको दाबी छ । हिउँदमा बोटबिरुवाबाट झरेका पातपतिंगरले वर्षामा घाँस पलाउन नदिने भएपछि डढाउन स्थानीय बासिन्दा आफैंले सामुदायिक वन क्षेत्रमा आगो लगाउने गरेको पाइएको छ ।

सामुदायिक वन तथा आसपासका निजी जंगलमा लगाइने आगो नजिकै रहेको गाउँमा पस्दा ठूलोमात्रामा जनधनको क्षति हुनुका साथै अर्बौंको वनस्पति जलेर नष्ट हुने गरेको छ । सामुदायिक वनमा आगजनी गर्ने व्यक्तिलाई सम्बन्धित निकायले अहिलेसम्म कारबाहीको दायरामा ल्याउन सकेका छैनन् ।

## डढेलोले पाइप जल्यो, खानेपानीको समस्या

**गलेश्वर (म्याग्दी)**– विगत डेढ महिनादेखि म्याग्दीका जंगलमा लागेको डढेलोका कारण जिल्लाका मालिका, मंगला, अन्नपूर्ण गाउँपालिका र बेनी नगरपालिकाका ३० बढी गाउँमा खानेपानीको समस्या भएको छ । फागुन दोस्रो सातादेखि म्याग्दीका जंगलमा निरन्तररूपमा डढेलो लागिरहेको छ ।

जंगलमा लागेको डढेलोले पाइप जलेपछि पिउने पानीको समस्या भएको हो । बुधबारसम्म म्याग्दीका ११२ वनमा डढेलो लागेको र करिब एक हजार हेक्टर वनक्षेत्र जलेर नष्ट भएको डिभिजन वन कार्यालय म्याग्दीले जनाएको छ ।

बजारमाथिको सामुदायिक वनमा डढेलो लागेपछि पश्चिम म्याग्दीको मालिका गाउँपालिका वडा नं ६ उपल्लो दरबाङ क्षेत्रमा खानेपानीको समस्या उत्पन्न भएको छ । त्यसैगरी लामो खडेरी र डढेलोका कारण खेतीयोग्य जमिनमा सिँचाइको अभाव भएपछि खेतबारीमा लगाएको अन्नबाली सुक्न थालेको किसानले बताएका छन् ।

जिल्लाका मालिका, मंगला, बेनी नगरपालिका र अन्नपूर्ण गाउँपालिकाका ३० भन्दा बढी ठाउँमा डढेलोले मुहानबाट बस्तीसम्म पानी ल्याउने पाइपलाइन डढेपछि गाउँगाउँमा खानेपानीको समस्या उत्पन्न भएको स्थानीयले बताएका छन् । खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीका प्रमुख झलकमोहन ओझाले डढेलोका कारण जिल्लाभरि नै खानेपानी र सिँचाइ आयोजनाको पाइपलाइनमा क्षति पुगेको बताए ।

'मालिका, मंगला र अन्नपूर्ण गाउँपालिकाका विभिन्न ठाउँबाट डढेलोले क्षति पुगेको पाइपलाइन मर्मतका लागि स्थानीयले पाइप माग गरेका छन् । जिल्लामा यस वर्ष डढेलोले खानेपानी र सिँचाइको पाइपमा ठूलो क्षति पुऱ्याएको छ,' ओझाले भने । बेनी नगरपालिका वडा नं २ ज्यामरुककोटमा पनि डढेलोले खानेपानीको पाइपलाइन डढेपछि खानेपानी र सिँचाइको समस्या उत्पन्न भएको स्थानीय डिलबहादुर घिमिरेले बताए । उनका अनुसार एक किलोमिटरभन्दा बढी क्षेत्रमा बिच्छ्याइएको पाइप डढेलोका कारण खरानी भएपछि खानेपानी र सिँचाइको समस्या उत्पन्न भएको हो ।

सडक निर्माणका क्रममा जमिनमुनि गाडिएको पाइप र बाहिर निकालेका पाइपमा क्षति पुगेको छ । पाइप जलेपछि स्थानीयले मुहानबाट घण्टौं लगाएर पानी बोकी खानुपर्ने बाध्यता सिर्जना भएको स्थानीय टेकबहादुर थापाले बताए । वन डढेलोका कारण बर्सेनि स्थानीयले सास्ती भोग्नु परिरहेको छ ।

## तातो हावा 'लू' ले नेपालगञ्जको जनजीवन प्रभावित

**खजुरा (बाँके)**– चर्को गर्मी र तातो हावा 'लू' का कारण बाँके जिल्लाको जनजीवन प्रभावित बन्दै गएको छ । दिउँसो १२ बजेपछि बेलुका ५ बजेसम्म अत्यधिक गर्मी र तातो हावा 'लू' चल्ने गरेको छ ।

जल तथा मौसम विज्ञान विभाग फिल्ड कार्यालयका अनुसार केही दिनदेखि नेपालगञ्जको अधिकतम् तापक्रम बढेको छ । मौसम पूर्वानुमान महाशाखाले नेपालगञ्जलगायत आसपास क्षेत्रका विभिन्न भूभागमा पाँच दिनसम्म तातो हावा चल्ने सम्भावना रहेकाले सतर्कता अपनाउन अनुरोध गरेको छ ।

महाशाखाका अनुसार वैशाख १० देखि १४ गतेसम्म पाँच दिनको समयमा तराईका भागका केही स्थानमा तातो हावाको सम्भावना रहेको छ । तातो हावाबाट थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, वान्ता आदि हुनसक्ने देखिएकाले सोबाट बच्न विभिन्न उपाय अपनाउन महाशाखाले अनुरोध गरेको छ ।

तातो हावाबाट बच्न गर्मी समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, पानी तथा झोलिलो पदार्थ प्रशस्त मात्रामा सेवन गर्ने, स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग सम्पर्क गर्न भेरी अस्पतालका फिजिसियन डा. पारस श्रेष्ठले आग्रह गरे ।

अत्यधिक गर्मी हुने नेपालगञ्जमा विगत केही दिनयता तापक्रममा उतारचढाव हुने गरेको छ । दिउँसोको समयमा चल्ने सुक्खा तातो हावाका कारण जनजीवन प्रभावित बन्दै गएको छ । चर्को गर्मी र तातो हावाका कारण दैनिक ज्याला मजदुरी गरेर हातमुख जोड्ने वर्गलाई धेरै प्रभाव परेको छ । दैनिक रूपमा ठेला चलाउने, रिक्सा चलाउने तथा अन्य ज्यालादारी गर्ने मजदुरलाई समस्या परेको नेपालगञ्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष नन्दलाल वैश्यले बताए ।

चर्को गर्मी र तातो हावाका कारण सरकारी तथा गैरसरकारी कार्यालयमा सेवाग्राहीको उपस्थिति पनि पातलिएको छ । अत्यावश्यक काम भएका सेवाग्राही मात्र कार्यालयमा आउने गरेका छन् । भेरी अस्पतालमा पनि बिरामीको चाप बढेको डा. श्रेष्ठले बताए । दिउँसोको समयमा सुनसानजस्तो देखिने नेपालगञ्ज बजार साँझको समयमा भने भीडभाड हुने गरेको छ । बजारका विभिन्न चोक तथा पसलमा काँक्रो, तरबुजा, खरबुजा, लस्सी, आइसक्रिम, कुल्फी तथा चिसो पेयपदार्थ सेवन गर्ने सर्वसाधारणको संख्या उल्लेख्य देखिन्छ । *रासस*


### गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

(**प्रकाशित मिति:**२०८१/०१/१५)

यस श्री झुँगा सामुदायिक वन उपभोक्ता समूह तीनपाटन-१, सिन्धुलीबाट आ.व २०८०/०८१ मा उत्पादन भै समूह क्षेत्र झुँगा चौतारामा घाटगद्दी गरी राखिएको विभिन्न लटको साल, असना, चिलाउने आदि जातको गोलिया थान ७६ को कुल २४८९.१५ क्युफिट गोलिया काठ र दाउरा चट्टा २.५० व्यापारिक प्रयोजनका लागि बिक्री वितरण गर्नुपर्ने भएकोले काठ दाउरा जेजस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उधोगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा मध्यान्ह १२:०० बजे सम्म सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री झुँगा सामुदायिक वन उपभोक्ता समुह**
**तीनपाटन–१, सिन्धुली**



### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/१४ गते)

मोहनी कुमार सुवेदीको नाति, बेद कुमार सुवेदीको छोरा, धादिङ्ग जिल्ला, थाँके गाउँपालिका वडा नं ०८ बस्ने बिश्वेश्वर शर्मा सुवेदीको मिति २०७६/१२/२२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको पुतलीसडक शाखामा रहेको बचत खाता नं.००१००००००००७००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय पुतलीसडक शाखामा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय पुतलीसडक, काठमाण्डौं फोन नं. ०१-५३३२११२/०१-५३३२११३



### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : URBANO TRADING AND MAINTENANCE

पुर्व स्वीकृति मिति २०८१/०१/१२ | LT. No. 303787 | चलानी नं. ६०२१८६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1900 | ६९,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 2 | 0 | 2500 | ९१,४१० | | | | | | | |
| 3 | Marketing Represent | 3 | 0 | 2200 | ८०,४४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २१ गते (3rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAAD OVERSEAS PVT.LTD.
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ISAM KABBANI AND PARTNERS CONSTRUCTIONS AND MAINTENANCE LLC

पूर्व स्वीकृति मिति २०८०/११/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१३ | LT. No. 293161 | चलानी नं. ६०२१५४९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labourer | 7 | 0 | 900 | ३२,६२० | | | | | | | |
| 3 | Painter | 15 | 0 | 1200 | ४३,४९० | | | | | | | |
| 4 | Painter Assistant | 7 | 0 | 1000 | ३६,२४५ | | | | | | | |
| 5 | Stone Mason | 2 | 0 | 1200 | ४३,४९० | | | | | | | |

कम्पनी : ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTIONS AND MAINTENANCE CO. L.L.C. (Dubai Branch)

पूर्व स्वीकृति मिति २०८०/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१३ | LT. No. 293161 | चलानी नं. ६०२१७१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 1 | 0 | 1200 | ४३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २१ गते (3rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PREMIUM HUMAN RESOURCE
Govt. License 1631/080/081
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ALI BIN HASHEM AL HUSSEIN OPERATION AND MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति २०८०/०७/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१३ | LT. No.294319 | चलानी नं. ६०२०९४९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 64 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १७ गते 29th Apr 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१



### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : 916 HOSPITALITY & CLEANING

पूर्व स्वीकृति मिति २०८१/०१/१२ | LT. No. 303764 | चलानी नं. ६०२१८५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 16 | 1000 | ३६,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २१ गते (3rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com



### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CALORIE TRADING CHOCOLATE

पूर्व स्वीकृति मिति २०८०/०६/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१३ | LT. No.292692 | चलानी नं: ६०२०८१३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Executive | 0 | 1 | 4000 | १४६१०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Executive Sales | 0 | 3 | 3500 | १२७८४० | | | | | | | |
| 3 | General Clean Worker | 0 | 1 | 1100 | ४०१७८ | | | | | | | |
| 4 | Helper | 0 | 2 | 1100 | ४०१७८ | | | | | | | |
| 5 | Hr Manager | 1 | 0 | 5700 | २०७२९५ | | | | | | | |
| 6 | O A/hr | 1 | 0 | 4000 | १४६१०३ | | | | | | | |
| 7 | Salesman | 9 | 14 | 2500 | ९१३१४ | | | | | | | |
| 8 | Supervisior | 10 | 1 | 2500 | ९१३१४ | | | | | | | |

कम्पनी : THE SUNSHINE PROJECT

पूर्व स्वीकृति मिति : २०८०/०५/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१३ | LT. No. 291966 | चलानी नं : ६०२०७२२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Supervisor | 1 | 0 | 4000 | १४६१०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker | 9 | 0 | 1100 | ४०१७८ | | | | | | | |
| 3 | Business Executive | 5 | 0 | 4000 | १४६१०३ | | | | | | | |
| 4 | Foreman | 35 | 1 | 2500 | ९१३१४ | | | | | | | |
| 5 | General Clean Worker | 16 | 11 | 1100 | ४०१७८ | | | | | | | |
| 6 | General Electronic Technician | 6 | 0 | 3500 | १२७८४० | | | | | | | |
| 7 | Labour | 9 | 0 | 1100 | ४०१७८ | | | | | | | |
| 8 | Mason | 2 | 0 | 1200 | ४३८३० | | | | | | | |
| 9 | Painter | 5 | 0 | 1200 | ४३८३० | | | | | | | |
| 10 | Representative | 2 | 0 | 2500 | ९१३१४ | | | | | | | |
| 11 | Sales Supervisior | 24 | 3 | 2500 | ९१३१४ | | | | | | | |
| 12 | Supervisior | 10 | 2 | 2500 | ९१३१४ | | | | | | | |
| 13 | Tile Maker | 1 | 0 | 1200 | ४३८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २१ गते (3rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RABOUA AL-SAMMAN CONTRACTING EST

पूर्व स्वीकृति मिति: २०८०/१२/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१३ | LT. No. 302826 | चलानी नं. ६०२१७६०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 5 | 0 | 2500 | ८८,९६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६४,०५५ | | | | | | | |

कम्पनी : RABOUA AL-SAMMAN CONTRACTING EST

पुर्व स्वीकृति मिति २०८०/१२/२० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१३ | LT. No. 302947 | चलानी नं. ६०२१७७८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 8 | 0 | 2500 | ८८,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NASHI BIN MISFER AL MUTAIRI LOGISTICS SERVICES COMPANY IS ONE PERSON

पुर्व स्वीकृति मिति २०८१/०१/१३ | LT. No. 303853 | चलानी नं. ६०२१८६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २१ गते (3rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

# प्रभाव दैनिक





## 'कौन बनेगा करोडपति'मा अमिताभको निरन्तरता

बलिउड अभिनेता अमिताभ बच्चनले गएको वर्ष 'कौन बनेगा करोडपति' को सेटबाट आँखाभरि आँसु बनाएर फ्यानहरूसँग बिदा मागेका थिए । त्यो भिडियो हेर्दा धेरैले केबीसीमा यो अमिताभको अन्तिम सिजन हो भन्ने अनुमान गरेका थिए । यसैबिच, बुधबार बिग बीले शो को सेटबाट केही तस्बिर शेयर गरेपछि उनका फ्यानहरूलाई छक्क पारेका छन् । पब्लिक डिमान्डमा अमिताभले यस शो को १६औं सिजन होस्ट गर्दैछन् । बुधबार आफ्नो ब्लगमा शो को सेटका केही तस्बिरहरु सेयर गर्दै अमिताभले बिहान ९ देखि ५ बजेसम्म ननस्टप सुटिङ गरिरहेको बताएका थिए ।




शुक्रबार १४, वैशाख २०८१ (Friday, April 26, 2024)


# शिल्पी थिएटरमा 'ए आई' नाटक

**काठमाडौं (प्रस)–** बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा बिहीबारबाट नाटक 'ए आई'को मञ्चन सुरु भएको छ । २२ गतेसम्म नियमित मञ्चन हुने नाटक पवित्रा खड्काले निर्देशन गरेकी छन् ।

गत वैशाख ३ गते एक सो मात्र मञ्चन भएको नाटक बिहीबारबाट नियमित मञ्चन सुरु भएको हो । नाटकमा कलाकारहरूले संवादविहीन शरीरको भाषा र शारीरिक हाउभाउ मार्फत नै दर्शकलाई कथा बुझाउनेछन् ।

करिब ४५ मिनेट लामो नाटक 'ए आई'मा सुबेक्षा पनेरु, विशाल पुलामी, विजय ढुङ्गेल, विष्णु श्रेष्ठ, जयप्रकाश ताजपुरिया, निरञ्जन मगर, राजु खतिवडा, रमन श्रेष्ठ, सुमन राई र सुषान्त दाहालको अभिनय रहेको छ ।संगीता उराँवको भेषभुसा, अनुप तिमीसना र गोविन्द ओलीको सङ्गीत र प्रेम चन्द पाण्डेको प्रकाश संयोजन रहेको बैशाख २२ गतेसम्म मंगलबारबाहेक हरेक साँझ ५:३० बजे र शनिबार दिउँसो १ बजे अतिरिक्त सो सहित मञ्चन हुनेछ ।



# छैटौं सगरमाथा म्युजिक अवार्ड विदेशमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** छैटौं संस्करणको सगरमाथा म्युजिक अवार्ड २०८१ हुने भएको छ । अवार्डको छैटौं संस्करणको लागि आवेदन खुल्ला भएको आयोजक अर्थ नेपाल प्रालिद्धारा जारी विज्ञप्तीमा जनाइएको छ । 'नेपाली कला र श्रष्टाको सम्मान, नेपाली संस्कृति संरक्षण र प्रवर्द्धन हाम्रो अभियान' भन्ने मुल नाराको साथ हुन लागेको अवार्डमा २०८० बैशाखदेखी चैत्रसम्म बजारमा आएका गीत संगीतले सहभागीता जनाउन सक्ने कार्यक्रम संयोजक मनोज थापाले जानकारी दिए ।




सगरमाथा म्युजिक अवार्डका पाँच संस्करण भव्य रूपमा सम्पन्न भइसकेको छ। छैटौं संस्करण भने विदेशमा आयोजना गरिने आयोजक संस्थाले जनाएको छ । छैटौं सगरमाथा म्युजिक अवार्ड २०८१ मा राष्ट्रिय, चलचित्र, आधुनिक, लोक दोहोरी र पप विधामा देशभरका कलाकर्मीहरूले सहभागी हुन सक्ने छन् । अवार्डमा नेपाली गीतसंगीतको क्षेत्रमा योगदान पुऱ्याएका एक जना विशिष्ट व्यक्तिलाई लाईफ टाइम अचिभमेन्ट अवार्ड प्रदान गरिने छ ।

अवार्डमा कला क्षेत्रमा कलम चलाउने पत्रकारहरूलाई समेत सम्मान गरिने आयोजक संस्था अर्थ नेपालले जनाएको छ । त्यसै एक जना अग्रज रंग पत्रकारलाई नगदसहित रजत पत्रकारिता सम्मान गरिने छ। अवार्डको आवेदन फारम सगरमाथा म्युजिक अवार्डको अफिसियल वेवसाइटबाट भर्न सकिने आयोजकले बताए ।

छैटौं संस्करणको सगरमाथा म्युजिक अवार्ड २०८१ आयोजक समितिमा कार्यक्रम प्रमुख पुरुषोत्तम बस्नेत, कार्यक्रम संयोजक मनोज थापा, सनम कठायत, उषा सुवेदी, मुकुन्द बस्नेत र कुशल खत्री रहेका छन् ।

# बयान दिँदै तमन्ना

■ प्रभाव संवाददाता

**काठमाडौं–** बलिउड अभिनेता सञ्जय दत्त र अभिनेत्री तमन्ना भाटियालाई महाराष्ट्र साइबर सेलले समन पठाएको छ । महादेव अनलाइन गेमिङ र बेटिंग एपसँग सम्बन्धित फेयरप्ले एपको विषयमा सोधपुछका लागि समन पठाएको भारतीय मिडियाहरूले उल्लेख गरेका छन् ।

महाराष्ट्र साइबर सेलले अभिनेत्री तमन्नालाई २९ अप्रिलमा उपस्थित हुन आग्रह गरेको छ। साइबर सेलका अनुसार यस मुद्दामा तमन्नाको बयान लिइनेछ । अभिनेत्रीलाई फेयरप्लेका लागि कसले सम्पर्क गर्यो र त्यसका लागि कति पैसा पाएको भनेर सोधिने बताइएको छ ।

यसअघि २३ अप्रिलमा अभिनेता सञ्जय दत्तलाई पनि यस प्रकरणमा बोलाइएको थियो । सञ्जय मुम्बईमा नभएका कारण प्रहरीमा उपस्थित नभएको भन्दै समय मागेको बताइएको छ । यसअघि सोही केसमा महाराष्ट्र साइबर सेलले गायक बादशाह, सञ्जय दत्त र ज्याकलिन फर्नान्डेजका प्रबन्धकहरूको बयान रेकर्ड गरेको थियो । यी तीनजना सेलिब्रेटीले फेयरप्ले एपको प्रचार गरेका थिए । महादेव एप अवैध लेनदेन र सट्टेबाजीको लागि विभिन्न अनुसन्धान एजेन्सीहरूको स्क्यानरमा छ ।

फेब्रुअरी २०२३ मा, टाइगर श्राफ र नेहा कक्कडसहित बलिउडका धेरै सेलिब्रेटीहरू युएई शहर रस अल खैमाहमा आयोजित एक विलासी विवाहमा सहभागी भएका थिए । सो विवाहमा करिब २०० करोड भारु खर्च भएको र सम्पूर्ण भुक्तानी हवाला वा नगदमा गरिएको बताइएको छ ।

यो विवाहपछि सौरभ र उनको महादेव बेटिंग एप अनुसन्धान एजेन्सीको रडारमा आएका थिए । सोही विषयमा ईडीले रणवीर कपूर र कपिल शर्मा जस्ता सेलिब्रेटीहरूलाई पनि समन पठाएको थियो । यस मामिलामा अहिलेसम्म दर्जनौं बलिउड सेलिब्रेटीको नाम बाहिर आएको छ ।



## शान्तीश्रीको स्वरमा 'आमा तिमीलाई'

**काठमाडौं (प्रस)–** नेपाली संगीत क्षेत्रमा माया प्रेमका गीत धेरै मात्रामा आइरहेका बेला फरक खालको पारिवारीक गीत आमा र आमा प्रतिको माया समेटिएको गीत 'आमा तिमीलाई' सार्वजनिक भएको छ । छोरा, छोरी प्रतिको विभेद, अहिलेको समाजले छोरीलाई कसरी हेर्छ भन्ने विषयलाई यस गीतमा उजागर गर्न खोजिएको छ ।


गोविन्द नागिलाको शब्द सृजनामा बनेको गीतमा विवि अनुरागीले संगीत भरेका छन् । गीतमा शान्तीश्री परियारको आवाज रहेको छ । गीतलाई नागिला नामक युटुब च्यानल मार्फत सार्वजनिक गरिएको छ ।

भिडियो उत्कृष्ट बनेको र नेपालको गाउँले परिवेशमा छायाँकन उक्त भिडियोमा छोरीले आमाको किरिया बसेको कथा बस्तु समेटिएकोको गीतका प्रस्तुतकर्ता गोविन्द नागिलाले बताएका छन् । नागिलाका अन्य ३ वटा गीतहरू अडियो तयार भैसकेको अवस्थामा रहेको र यसलाई दर्शकहरूले मन पराइदिनु हुने अपेक्षा समेत रहेको उनले उल्लेख गरे । उक्त गीतको भिडियोमा चर्चित नायिका शिल्पा पोखरेल लगाएका कलाकारको अभिनय रहेको छ । उत्सव दाहालको छायांकन विष्णु खड्काको सम्पादन तथा सुब्रतराज आचार्यको निर्देशन रहेको छ ।

## रंगशाला

### सूर्य नेपाल काठमाडौं ओपन

# तेस्रो दिन पनि भुवन शीर्षस्थानमै




■ प्रभाव संवाददाता

**काठमाडौं –** सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको सातौं प्रतियोगिता, सूर्य नेपाल काठमाडौं ओपनको तेस्रो दिन समग्रमा ७-अन्डर १ सय ९७ सहित ६ स्ट्रोकको अग्रता बनाएका छन् । भुवनले ५-अन्डर ६३ को उत्कृष्ट प्रदर्शन गर्दा दिनेश प्रजापतिलाई ६ स्ट्रोकले पछि पारेका हुन् ।

दोस्रो दिनका संयुक्त लिडर दिनेशले १-ओभर ६९ मा खेल सकाए । समग्रमा १-अन्डर २ सय ३ सहित दोस्रो स्थानमा तल झरे । तोरण विक्रम शाही र निरज तामाङ समग्रमा इभन-पार २ सय ७ सहित संयुक्तरूपमा तेस्रो स्थानमा छन् । तोरणले दिनकै उत्कृष्ट ७-अन्डर ६१ को स्कोर दर्ज गरे। निरजले १-अन्डर ६७ मा तेस्रो दिनको खेल सकाए ।

समग्रमा २-ओभर २ सय ६ सहित धन बहादुर थापा र सञ्जय लामा संयुक्तरूपमा पाँचौ स्थानमा छन् । धनले २-अन्डर ६६ र सञ्जयले इभन-पार ६८ मा खेल सकाए । यस्तै समग्रमा ३-ओभर २ सय ७ सहित सुबाश तामाङ, जयराम श्रेष्ठ र रवि खड्काले संयुक्तरूपमा सातौं स्थान बाँडे । सुबाशले इभन-पार ६८, जयरामले १-ओभर ६९ र रविले ३-ओभर ७१ मा खेल सकाए ।

एमेच्योरतर्फ सदभाव आचार्य समग्रमा ६-ओभर २ सय १० को स्कोरमा शीर्षस्थानमा उक्लिए । उनले ३-ओभर ७१ खेल्दै टासी छिरिङलाई ५ स्ट्रोकले पछि पारे। टासीले ९-ओभर ७७ को प्रदर्शन गर्दा समग्रमा ११-ओभर २ सय १५ सहित दोस्रो स्थानमा तल झरे । राहुल विश्वकर्मा समग्रमा २३-ओभर २ सय २७ सहित तेस्रो स्थानमा छन् । उनले ७-ओभर ७५ को स्कोर खडा गरे ।

भुवनले उत्कृष्ट सुरूवात गरे। पहिलो, दोस्रो, पाँचौ र छैटौं होलमा बर्डी प्रहार गरे भने ५-पारको चौथो होलमा इगलको सफलता प्राप्त गरे । फ्रन्ट नाइन ६-अन्डर २८ मा सकाए । तर ब्याक नाइन भने १-ओभर ३५ मा पुरा गर्न बाध्य भए। ११औं र १७औं होलमा बोगी प्रहार गरे भने ४-पारको १६औं होलमा डबल बोगीको सामना गरे । उनले १२औं, १४औं र १८औं होलमा एक-एक सट बचाए ।

दिनेशले दोस्रो होलको बर्डीविरूद्ध पहिलो र पाँचौं होलको बोगीले फ्रन्ट नाइन १-ओभर ३५ मा सकाए । यसपछि १०औं, १३औं र १४औं होलमा एक-एक सट बचाए । तर ११औं होलमा ट्रीपल बोगीको सामना गर्दा ब्याक नाइन इभन-पार ३४ मा पुरा गरे ।

दिनको उत्कृष्ट स्कोर कार्ड बनाएका तोरणले बोगी रहित ६१ खेले । दोस्रो, चौथो, पाँचौ र आठौं होलमा चार बर्डी प्रहार गर्दै फ्रन्ट नाइन ४-अन्डर ३० को उत्कृष्ट स्कोर गरे । यसपछि १०औं, ११औं र १७औं होलको बर्डीले ब्याक नाइन ३-अन्डर ३१ मा सकाए ।

निरजले पाँचौं र आठौं होलको बर्डीले फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए । यसपछि उनले ११औं, १३औं र १५औ होलमा बर्डी प्रहार गरे । तर १०औं, १२औं, १६औं र १८औं होलमा एक-एक सट खेर फाले। ब्याक नाइन १-ओभर ३५ मा सकाए ।

चार दिने प्रतियोगितामा कुल पुरस्कार राशी ७ लाख ३ हजार ५ सय रहेको छ । विजेताले १ लाख २० हजार तथा दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमश ८२ हजार र ६६ हजार प्राप्त गर्नेछन् । यसैगरी चौथो हुनेले ५५ हजार र पाँचौ हुने खेलाडीले ४३ हजार नगद हात पार्नेछन् । टप २१ मा पर्ने प्रोफेसनल खेलाडीहरूले नगद पुरस्कार प्राप्त गर्नेछन् ।

## घिसिङ र ट्रायथलन अध्यक्ष कासाडोबीच भेट

**काठमाडौं (प्रस)–** राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ र विश्व ट्रायथलन महासंघकी अध्यक्ष एवं अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीकी सदस्य मारिसोल कासाडोबीच भेटवार्ता भएको छ । विहिबार भएको भेटवार्तामा नेपाल र विश्वमा ट्रायथलनको अवस्था बारे छलफल भएको थियो । भेटका अवसरमा सदस्य-सचिव टंकलाल घिसिङले नेपालमा ट्रायथलन खेलको विकासका लागि विश्व ट्रायथलन महासंघबाट सहयोगका लागि आग्रह गरेका छन् । पर्यटकीय राजधानी पोखरामा वैशाख १५ गतेदेखि 'एसिया कप तथा साउथ एसियन ट्रायथोलन च्याम्पियनसिप' को अवसरमा कासाडो नेपाल आएकी हुन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAMAA MANZIL EST FOR DECORATION AND POLISHING

पूर्व स्वीकृति मिति २०८१/०१/१२ | LT. No. 303838 | चलानी नं. ६०२१८६०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpet And Rug Cleaning Worker | 4 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २१ गते (3rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०००/०६८/०६९

**Honesty Overseas Pvt.Ltd.**

Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AISHA MOHAMMED ABDULLAH AL-DOSARI TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८१/०१/१३ | LT. No.303805 | चलानी नं. ६०२१८६३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | My Coffee | 3 | 0 | 1300 | ४६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २१ गते (3rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD** श्रम ईजाजत नं. 1365/074/75

Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, 9851358431
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MERINGI PLUS RESTAURANT AND CAFE

पुर्व स्वीकृति मिति २०८१/०१/१३ | LT No :303871 | चलानी नं. ६०२१८६४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA/JUICE MAKER/COFFEE MAKER/BARTENDER | 3 | 0 | 155.00 | ६७,०४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CLEANER/HELPER/WORKER | 6 | 0 | 130.00 | ५६,२३१ | | | | | | | |
| 3 | COOK/CHEF/CHEF ASSISTANT/PREPARER | 2 | 0 | 160.00 | ६९,२०७ | | | | | | | |
| 4 | SUPERVISOR/CONTROLLER/SUPERIOR | 8 | 0 | 200.00 | ८६,५०९ | | | | | | | |
| 5 | Waiter/Waitress | 5 | 0 | 150.00 | ६४,८८२ | | | | | | | |

कम्पनी : MOOSH LIGHT FOOD COMPANY WLL

पुर्व स्वीकृति मिति २०८०/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१३ | LT No :302739 | चलानी नं. ६०२१७५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE MAKER/SALESPERSON | 4 | 0 | 150 | ६४,८८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | PASTRY CHEF / BAKER | 3 | 0 | 180 | ७७,८१८ | | | | | | | |

कम्पनी : MOOSH LIGHT FOOD COMPANY WLL

पुर्व स्वीकृति मिति २०८०/१०/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१३ | LT No :297903 | चलानी नं. ६०२१३११४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 15 | 100 | ४३,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Coffee Maker | 20 | 20 | 135 | ५८,४२५ | | | | | | | |
| 3 | Preparer / Chef Assistant | 20 | 0 | 120 | ५१,९३५ | | | | | | | |
| 4 | Supervisor | 20 | 0 | 200 | ८६,५५५ | | | | | | | |
| 5 | Waiter/waitress | 15 | 15 | 120 | ५१,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २१ गते (3rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

# जलवायु परिवर्तनले नयाँ क्षेत्रमा फैलिँदै मलेरिया



**लागोस (नाइजेरिया)–** गत वर्ष अमेरिकामा स्थानीयरूपमा प्रसारित मलेरिया थोरै संख्यामा पाइएपपछि जलवायु परिवर्तनले केही रोगको खतरालाई पुनर्जीवित वा स्थानान्तरण गर्दै छ भन्ने कुराको सम्झना गराएको थियो । यद्यपि अफ्रिकी महादेशमा मलेरियाले लाखौं मानिसलाई मारेको वा बिरामी पारेको छ ।

नाइजेरियाको लागोस सहरको अनौपचारिक छिमेकी मकोकोका ६६ वर्षीया फनमिलायो कोटुनलाई नै लिनुहोस् । यहाँको फोहोर पानीको पोखरीले मलेरिया फैलाउने लामखुट्टेका लागि अनुकूल प्रजनन अवस्था प्रदान गर्दछ । अमेरिकी डलर सातदेखि २१ को बीचमा पाइने उपचार गरिएको कीटनाशक मच्छरदानी कोटुनले किन्न सक्नुहुन्न । यहाँ एन्टिमलेरिया औषधि वा उपचार अत्यन्त कम हुन्छ ।

मलेरिया परजीवी अधिकांश संक्रमित लामखुट्टेमार्फत मानिसमा फैलिन्छ र ज्वरो, टाउको दुख्ने र चिसोलगायतका लक्षण निम्त्याउन सक्छ । यसले धेरैजसो पाँच वर्षभन्दा कम उमेरका बालिबालिका र गर्भवतीहरूलाई असर गर्दछ ।

खोपको प्रयास अहिले पनि प्रारम्भिक चरणमा छ । क्यामरुन यस वर्ष बालबालिकालाई नियमितरूपमा मलेरियाको नयाँ खोप दिने पहिलो मुलुक बन्यो । यहाँ यो ३० प्रतिशतमात्र प्रभावकारी छ र प्रसारणलाई यसले रोक्न सक्दैन । दोस्रो खोपलाई हालै मञ्जुरी दिइएको थियो । एन्टिमलेरिया औषधि र कीटनाशकहरूको प्रतिरोधका घटनाहरू बढिरहेका छन् भने सरकार र दाताहरूबाट नवप्रवर्तनका लागि कोष सुस्त भइरहेको छ ।

भीडभाड भएको क्षेत्र, जमेको पानी, खराब सरसफाइ तथा उपचार र रोकथाम सामग्रीसम्म पहुँचको अभावले धेरै क्षेत्रमा बस्ने अवस्थाको भूमिका निर्वाह गर्दछ । यसअघि भारत र फारसको खाडीमा देखिएका लामखुट्टेको आक्रामक प्रजाति नयाँ चिन्ताको विषय बनेको छ ।

विश्वव्यापीरूपमा मलेरियाका मामिला बढिरहेका छन् । सन् २०१९ मा संक्रमण २३ करोड ३० लाखबाट बढेर सन् २०२२ मा ८५ मुलुकमा २४ करोड ९० लाख पुगेको छ । विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) का अनुसार मलेरियाबाट मृत्युको संख्या सन् २०१९ मा पाँच लाख ७६ हजारबाट बढेर सन् २०२२ मा छ लाख आठ हजार पुगेको छ ।

मलेरियाको विश्वव्यापी बोझको करिब ७० प्रतिशत वहन गर्ने १२ मुलुकमा ११ अफ्रिकामा छन् भने अर्को मुलुक भारत हो । सन् २०२२ मा अफ्रिकामा मलेरियाबाट मर्ने पाँच लाख ८० हजारमा ८० प्रतिशत मृत्यु पाँच वर्षभन्दा कम उमेरका बालबालिकाको भएको थियो । मलेरियाविरुद्धको लडाइँले तीव्ररूपमा निदान परीक्षण, खोप र नयाँ मच्छरदानीजस्ता कीटनाशक प्रतिरोधको सामना गर्ने क्षेत्रमा केही प्रगति देखिएको छ तर कोभिड-१९ र फोकस फर फन्डिङमा परिवर्तनले यी प्रयासहरूलाई पछाडि धकेलेको छ ।

गत वर्ष ट्रपिकल मेडिसिन एन्ड इन्फेक्सियस डिजिजमा प्रकाशित एक अध्ययनमा कोभिड-१९ का कारण जारी लकडाउनले सम्पूर्ण अफ्रिकामा ३० प्रतिशत ग्रामीण सामुदायिक स्वास्थ्य बिन्दुहरूमा अवरोध उत्पन्न भएको बताइएको छ । सन् २००० र सन् २०१९ को बीच घट्ने प्रवृत्तिलाई तोड्दै मलेरियाका मामिला पुनः बढ्न थालेको छ । डब्ल्युएचओका अनुसार घट्दो प्रवृत्ति चाँडै फर्कन सक्छ ।

ग्लोबल फन्ड टु फाइट एड्सका कार्यकारी निर्देशक पिटर स्यान्ड्सले भने, 'अफ्रिका जलवायु परिवर्तनको तीव्र अन्त्यमा छ र चरम मौसमी घटनाहरूको बढ्दो आवृत्तिले निम्न र मध्यम आय भएका क्षेत्रमा मलेरियासँग मुकाबिला गर्ने प्रयासलाई बर्बाद गरिरहेको छ ।'

सन् २०२३ मा डब्ल्युएचओको विश्व मलेरिया प्रतिवेदनमा पहिलोपटक मलेरिया र जलवायु परिवर्तनबीचको सम्बन्धमा एउटा अध्याय समावेश गरिएको छ । यसमा सम्भावित जोखिम गुणकका रूपमा यसको महत्त्वमाथि प्रकाश पारिएको छ । वैज्ञानिकहरूले माउन्ट किमिमाञ्जरोको ढलान र पूर्वी इथियोपियाको पहाडलगायत कुनै पनि समयमा लामखुट्टेको बसोबास नहुने क्षेत्रमा बस्ने मानिसहरू मलेरियाको चपेटामा आउनसक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

दशकौंमा आफ्नो सबैभन्दा तातो दिन रेकर्ड गरेको जिम्बाब्वेका केही जिल्लामा मलेरियाको प्रसारण अवधि बढाइएको छ । जिम्बाब्वेमा मलेरियाका लागि डब्ल्युएचओका प्राविधिक अधिकारी डा. प्रिसियस एन्डिफासीले भने, 'यो परिवर्तनका लागि जलवायु परिवर्तनलाई श्रेय दिइएको छ ।' *रासस/एपी*

# दक्षिण कोरियाद्वारा पहिलो पृथ्वी नानोस्याटेलाइट प्रक्षेपण



**सोल–** सन् २०२७ सम्ममा उपग्रह समूह बनाउने योजनाको हिस्साका रूपमा दक्षिण कोरियाको स्थानीयरूपमा विकसित पृथ्वी अवलोकन नानोस्याटेलाइट (सानो उपग्रह) लाई न्युजिल्यान्डको एक अन्तरिक्ष केन्द्रबाट प्रक्षेपण गरिएपछि कक्षमा स्थापित गरिएको छ ।

विज्ञान तथा सूचना प्रविधि मन्त्रालयका अनुसार बुधबार नियोनस्याट-१ नामको उपग्रहलाई सफलतापूर्वक प्रक्षेपण यानबाट अलग गरिएको छ । रकेट ल्याब्स इलेक्ट्रोन रेकटमा दक्षिण कोरियाली समयानुसार बुधबार माहिया स्पेसपोर्टबाट उपग्रह प्रक्षेपण गरिएको थियो ।

नियोनस्याट-१ एघार नानो उपग्रहमध्येको एक हो । यसलाई दक्षिण कोरियाले उपग्रह समूह बनाउनका लागि प्रयोग गर्ने योजना बनाइरहेको छ । यसले कोरियाली प्रायद्वीप र त्यस वरपरका क्षेत्रहरूको निगरानी गर्ने छ र तस्बिर लिएर सरकारलाई राष्ट्रिय सुरक्षामा आउने कुनै पनि धम्की, प्राकृतिक विपत्ति वा कुनै पनि खतराको तुरुन्त प्रतिक्रिया दिन सहयोग गर्ने छ ।

दक्षिण कोरियोले सन् २०२६ जुनमा थप पाँच नानोस्याटेलाइट प्रक्षेपण गर्ने र सन् २०२७ सेप्टेम्बरमा स्वदेशी नुरी अन्तरिक्ष रेकटमा अन्य पाँचवटा नानास्याटेलाइट प्रक्षेपण गर्ने योजना बनाएको छ । रासस/क्युएनए

# चुनावी ऱ्यालीमा बेहोस भएपछि भारतीय मन्त्रीद्वारा गर्मीलाई दोष

**नयाँदिल्ली–** भारतका एक मन्त्रीले गर्मीका कारण चुनावी ऱ्यालीलाई सम्बोधन गर्दा आफू बेहोस भएको बताएका छन् । मुलुकको मौसम ब्युरोले मतदानका क्रममा मुलुकका केही भागमा लू चल्ने चेतावनी दिएको थियो ।

यसै साता एसियाका धेरै मुलुकमा चर्को तापक्रमले असर पुऱ्याएको छ । अत्यधिक गर्मीको पूर्वानुमानका कारण फिलिपिन्स र बंगलादेशमा विद्यालयहरू बन्द गरिएको छ । सडकमन्त्री नितिन गडकरी बुधबार पश्चिमी राज्य महाराष्ट्रको एउटा सानो सहरमा सम्बोधनका क्रममा बेहोस भएका थिए । त्यहाँ उनले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारको पुनःनिर्वाचनका लागि प्रचार गरिरहेका थिए ।

घटनाको फुटेजमा मन्त्री बेहोस हुँदै गरेको र सञ्चालकहरूले उनलाई मञ्चबाट बाहिर लैजाँदै गरेको देखाइएको छ । उक्त घटनापछि गडकरीले सामाजिक सञ्जाल एक्समा लेखे, 'ऱ्यालीका क्रममा गर्मीका कारण मलाई असहज महसुस भयो तर अहिले म पूर्ण स्वस्थ छु ।' उनले आफ्नो चुनावी प्रचार अभियान अघि बढाएको बताए ।

भारतीय मौसम विज्ञान विभागले बिहीबार आगामी पाँच दिनमा कम्तीमा नौ वटा पूर्वी र दक्षिणी राज्यमा भीषण गर्मीको अवस्था जारी रहने सम्भावना रहेको बताएको छ । 'लूदेखि लिएर गम्भीर लूको अवस्था प्रबल हुने सम्भावना छ, केही स्थानमा पहिलादेखि नै तापक्रम ४४ डिग्री सेल्सियससम्म पुगेको छ,' विभागले विज्ञप्तिमा जनाएको छ ।

छ सातासम्म चल्ने म्याराथुन निर्वाचनका बीच सम्पूर्ण भारतमा ठूला बाहिरी प्रचार ऱ्यालीहरू आयोजना भइरहेका छन् । शुक्रबार मतदानको दोस्रो चरणमा लाखौं मानिसले मतदान गर्दै छन् । भारतको निर्वाचन आयोगले 'शान्तिदायक उपायहरू' को दृष्टिले प्रत्येक चरणको मतदानअघि लू र आर्द्रताको प्रभावको समीक्षा गरिरहेको भन्दै यसले अहिले पनि नागरिकहरूलाई आफ्नो मत खसाउन अनुमति दिने बताएको छ ।

जलवायु परिवर्तनका कारण गर्मीको लहर लामो, अधिक लगातार र अधिक तीव्र हुँदै गरेको वर्षौंको वैज्ञानिक अनुसन्धानबाट पत्ता लागेको छ । *रासस/एएफपी*

# लूबाट थाइल्यान्डमा ३० जनाको मृत्यु, तातो मौसमको चेतावनी जारी

**बैंकक–** यस वर्ष लूबाट कम्तीमा ३० जनाको मृत्यु भएपछि थाइल्यान्डले बिहीबार तातो मौसमको चेतावनी जारी गरेको छ । तापक्रम ५२ डिग्री सेल्सियसभन्दा माथि जाने अपेक्षा गरिएपछि थाई राजधानी बैंककमा अधिकारीहरूले अत्यधिक गर्मीको चेतावनी दिएका हुन् ।

बैंककको कंक्रिटले फैलिएको क्षेत्रमा तापक्रम बुधबार ४०.१ डिग्री सेल्सियससम्म पुगेको थियो । बिहीबार पनि यस्तै स्तरको पूर्वानुमान लगाइएको थियो । यस साता दक्षिण र दक्षिणपूर्वी एसियाका केही भागमा असाधारण तातो मौसमको लहर चलिरहेको छ । यसका कारण फिलिपिन्सभर विद्यालय बन्द गर्नुपऱ्यो भने बंगलादेशमा उपासकहरूले वर्षाका लागि प्रार्थना गर्नुपरेको छ ।

तापक्रम सूचक (आर्द्रता, हावाको गति र अन्य कारकहरूलाई ध्यानमा राख्दै महसुस गरिने तापक्रमको मापन) बैंककमा 'अत्यन्त खतरनाक' स्तरमा रहेको सहरको पर्यावरण विभागले चेतावनी दिएको छ । मुलुकको ग्रामीण उत्तरपूर्वमा रहेको उडोन थानी प्रान्तका अधिकारीहरूले पनि बिहीबार तीव्र तापक्रमको चेतावनी दिएका छन् ।

स्वास्थ्य मन्त्रालयले बुधबार राति जनवरी १ देखि अप्रिल १७ को बीच लूबाट ३० जनाको मृत्यु भएको जानकारी दिएको छ । लूबाट सन् २०२३ मा ३७ जनाको मृत्यु भएको थियो । अधिकारीहरूले वृद्धवृद्धा र मोटोपनालगायत अन्तर्निहीत अवस्था भएका मानिसहरूलाई घरभित्रै रहन र नियमितरूपमा पानी पिउन आग्रह गरिरहेको थाइल्यान्डका रोग नियन्त्रण विभागका उपमहानिर्देशक डायरेक खाम्पेनले बताए ।

थाइल्यान्ड र दक्षिणपूर्वी एसियाका मुलुकहरूमा अप्रिल सामान्यतया वर्षको सबैभन्दा तातो समय हो तर यस वर्ष अल निनो मौसमी ढाँचाले गर्मीलाई अझ बढाएको छ । गत वर्ष विश्वभर गर्मीको तनाव रेकर्डस्तरमा देखिएको थियो । संयुक्त राष्ट्रसंघको मौसम तथा जलवायु एजेन्सीले एसिया विशेषरूपमा द्रुत गतिमा तातो भइरहेको बताएको थियो ।

यस साता थाइल्यान्डमा भीषण गर्मी अनुभव गरिएको छ । सोमबार उत्तरी प्रान्त लाम्पाङमा ४४.२ डिग्री सेल्सियस तापक्रम रेकर्ड गरिएको छ । यो गत वर्षको ४४.६ डिग्री सेल्सियसको सर्वकालीन राष्ट्रिय रेकर्डभन्दा केही कम हो ।

सीमामा रहेको म्यान्मामा बुधबार तापक्रम ४५.९ डिग्री सेल्सियससम्म पुगेको थियो र बिहीबार पनि तापक्रम यति हुने अपेक्षा गरिएको छ । सन् २०२१ को सैन्य विद्रोहबाट उत्पन्न अराजकता र संघर्षका कारण म्यान्माका अधिकांश भागमा विद्युत् बन्द भएको छ । यसबाट मानिसहरूलाई पंखा र एयर कन्डिसनका साथ चिसोमा बस्न अवरोध पुगेको छ । *रासस/एएफपी*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITY STAR CENTRAL MARKETS

पूर्व स्वीकृति मिति: २०७९/१०/२६ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१३ LT. No. 280792 चलानी नं. ६०१९६३१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reporter | 25 | 30 | 150 | ६४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २१ गते (3rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

JALAJALA RECRUITMENT PVT.LTD

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257

E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAJAN CONSTRUCTION COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८१/०१/१३ LT. No. 303800 चलानी नं. ६०२१८६५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 20 | 0 | 1000 | ३२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २१ गते (3rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653

Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHELAN POOLS LLC

पूर्व स्वीकृति मिति २०८१/०१/१२ LT. No. 303761 चलानी नं. ६०२१८५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sanitary Installation Worker | 10 | 0 | 120 | ४१,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २१ गते (3rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Aarambha H R Services Pvt.Ltd

Govt.Lic. No. 1241/074/075

Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044

E-mail : mail@aarambhahr.com, info@aarambhahr.com

Website : www.aarambhahr.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARS INTERNATIONAL COMPANY,ONE PERSON COMPANY

पुर्व स्वीकृति मिति २०८१/०१/१३ LT. No. 302628 चलानी नं.६०२१८६३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Labor | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL AZIZ AL SUHAIMI MAINTENANCE EST

पुर्व स्वीकृति मिति २०८१/०१/१३ LT. No. 303845 चलानी नं.६०२१८६०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २१ गते (3rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 267/058/059

ARANIKO OVERSEAS PVT. LTD.

Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.

Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANAL MOHSEN SAAD AL-RASHDI CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०३/२८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१३ LT. No. 289259 चलानी नं. ६०२०४५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load and Unload worker | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAEED SUWAID AL RASHDI GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८१/०१/१२ LT. No. 303798 चलानी नं. ६०२१८५९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Worker | 6 | 0 | 1300 | ४६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 4 | 0 | 1300 | ४६,१४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १३६००० | प्रति तोला – १३५३५० | प्रति तोला – १६७० |

## ‘निजी क्षेत्रबारे सरकारले महत्वपूर्ण निर्णय गर्छ’




■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनले निजी क्षेत्रलाई उत्साहित बनाउन केही महत्वपूर्ण निर्णय गर्नुपर्ने अवस्था आएको बताएका छन् । आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटका विषयमा अर्थविद्हरूसँग परामर्श गर्दै उनले निरुत्साहित अवस्थामा रहेको निजी क्षेत्रको मनोबल उठाउने गरी निर्णय लिइने उल्लेख गरे ।

श्रोतमा परेको चापका कारण सरकारले कडा खालका नीति अबलम्बन गर्नुपरेको र निजी क्षेत्रले खुकुलो वातावरण चाहेका कारण सन्तुलन मिलाउन चुनौती रहेको अर्थमन्त्री पुनको भनाइ छ । ‘अर्थतन्त्रमा केही सुस्तता छ । आम नागरिक र मुख्यगरी युवाले सरकारसँग धेरै अपेक्षा गरेका छन् । निरुत्साहित अवस्थामा रहेको निजी क्षेत्रलाई उत्साहित बनाउन अब केही बोल्ड निर्णय गर्नुपर्ने छ’, उनले भने ।

अर्थमन्त्री पुनले बजेट बनाउनुअघि सरकारले सम्बद्ध सबै पक्ष र क्षेत्रको सुझाव लिने उल्लेख गरे । सरकार वा मन्त्री परिवर्तन हुँदैमा मुलुकका नीतिमा परिवर्तन गर्न नहुनेमा जोड दिँदै उनले विगतका मन्त्रीका असल अभ्यासलाई निरन्तरता दिने प्रतिबद्धतासमेत जनाए ।

पूर्वबजेट छलफलमा त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र विभागका प्रमुख डा रेशम थापा, विभागका पूर्वप्रमुख डा रामप्रसाद ज्ञवाली, त्रिभुवन विश्वविद्यालयका पूर्वरेक्टर तथा प्राडा शिव भुसाल, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक सञ्जय आचार्य, विश्व बैंकको मुख्यालयमा कार्यरत अर्थशास्त्री गोविन्द तिमील्सिना, अर्थशास्त्री एवम् नेकपा (एकीकृत समाजवादी) का नेता डा विजय पौडेल, पूर्व अर्थसचिव कृष्ण घिमिरेलगायत सहभागी थिए ।

आगामी आर्थिक वर्षको बजेटमा कृषि, पर्यटन, ऊर्जा, सूचना प्रविधिलगायत क्षेत्रलाई प्राथामकितामा राख्न अर्थविद्हरूले सुझाव दिएका छन् । कार्यान्वयन हुन नसक्ने महत्वाकांक्षी र ठूलो आकारको बजेट नबनाउन तथा बिना तयारीका आयोजनामा बजेट विनियोजन नगर्न पनि उहाँहरूबाट सुझाव आएको छ । सरकारी विनियोजनले रोजगारी सिर्जना गर्नुपर्नेमा पनि अर्थविद्हरूले जोड दिएका छन् ।

पूर्वबजेट छलफल कै क्रममा अर्थमन्त्री पुनले बुधबार सात पूर्वअर्थमन्त्रीसँग सुझाव लिनुभएको थियो । पूर्वअर्थमन्त्रीहरूले पनि ठूलो आकारको बजेट कार्यान्वयन नहुने भन्दै यथार्थपरक बजेट ल्याउन सुझाव दिएका थिए ।

# एकीकृत पूर्वाधार र सूचना प्रविधि बिस्तारमा जोड : प्रधानमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले १६औं योजनामा एकीकृत पूर्वाधार निर्माण र सूचना प्रविधिको विस्तार तथा उपयोगमा विशेष जोड दिइएको बताएका छन् ।

राष्ट्रिय विकास परिषद्को बैठकको उद्घाटन सत्रलाई सम्बोधन गर्दै उनले कृषिको व्यवसायिकीकरण, उत्पादनमूलक उद्योग, रोजगारमूलक शिक्षा तथा स्वास्थ्य क्षेत्रको गुणस्तर वृद्धिमा १६औं योजना केन्द्रित हुने बताए । ‘पर्यटन प्रवर्द्धन र आन्तरिक रोजगार अभिवृद्धि एवं एकीकृत बस्ती विकासमा उच्च प्राथमिकता दिनुपर्नेछ’, प्रधानमन्त्री दाहालले भने, ‘यसका लागि योजनाले स्वदेशी तथा वैदेशिक लगानी अभिवृद्धिसहित युवा केन्द्रित सुरूआती पुँजी लगानीमार्फत नवीनता र उद्यमशीलता विकासमा जोड दिन आवश्यक छ ।’

आर्थिक समृद्धिको संवाहकका रूपमा निजी क्षेत्रलाई आत्मसात् गर्दै सहकारी, सामुदायिक एवं गैरसरकारी क्षेत्र र विकास साझेदारलाई सहयोगी भूमिकामा योजनाले अङ्गीकार गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सोच, लक्ष्य र लगानीको अनुमान उपयुक्त हुनेगरी योजना तयार हुने विश्वास व्यक्त गरे । योजना सफल कार्यान्वयनका लागि तीनै तहका सरकारको सहकार्य, सहयोग र समन्वय अपरिहार्य रहनुपर्ने बताउँदै उनले पर्याप्त लगानी तथा सार्वजनिक खर्च जुटाउनका लागि सबै तहका सरकारले विवेकपूर्ण राजस्व परिचालन गर्नुपर्नेमा जोड दिए ।

‘योजना अवधिमा विभिन्न स्रोतको साथै निजी क्षेत्रको ठूलो लगानीको अनुमान गरिएको छ’, प्रधानमन्त्री दाहालले भने, ‘यस क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउन लिइएका लक्ष्य, उद्देश्य तथा रणनीतिबाट योजना अवधिमा लगानी, उत्पादन, उत्पादकत्व र रोजगारी अभिवृद्धि गरी आर्थिक क्रियाकलाप



विस्तारमा सहयोग पुग्ने अपेक्षा छ ।’

सबै पक्षलाई समेटेर नियमित र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयनमा जोड दिनुपर्ने बताउँदै प्रधानमन्त्रीले अब आर्थिक सुधारको एकीकृत ढाँचा राष्ट्रिय योजना आयोगले सबैं निकायको समन्वयमा तयार गरी कार्यान्वयन गर्ने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री दाहालले भने, ‘तीनै तहका सरकार, निजी क्षेत्र, सहकारी र विकास साझेदारलगायतका सबैको सहकार्य र प्रभावकारी समन्वयबाट योजनाले लिएको औसत आर्थिक वृद्धि हासिल हुनुका साथै अन्य सामाजिक तथा पर्यावरणीय लक्ष्य हासिल हुनेमा म विश्वस्त छु ।’

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले कृषिमा मुलुकलाई आत्मनिर्भर बनाउने सम्भावना रहेको उल्लेख गर्दै सोह्रौं योजनामा कृषिलाई प्राथमिकतामा राख्नुपर्ने बताए । ‘वनजन्य तथा खनिजजन्य उद्योग स्थापना गर्नुपर्छ, नीतिगत त्रुटि हटाएर जानुपर्छ’, उनले भने, ‘निजी क्षेत्रलाई विश्वासमा लिएर सरकार अघि बढ्नुपर्छ, निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिइनुपर्छ ।’ जलविद्युत् र पर्यटन क्षेत्रले विकासबाट मुलुकमा महत्वपूर्ण टेवा मिल्ने उल्लेख गर्दै उनले यी क्षेत्रमा सरकारले पूर्ण ध्यान केन्द्रित गर्नुपर्ने बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति एवं श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्न राजनीतिक दल, कर्मचारीतन्त्र र आम नागरिक एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिए । ‘मुलुकको विकास र समृद्धिका लागि आवश्यक स्रोत साधन मुलुकमै हुँदा पनि कानुनी उल्झनले गर्दा आयातमा निर्भर हुनुपरेको छ’, उनले भने, ‘उपलब्ध साधनस्रोतको उपयोग गर्न ऐन कानुनमा सुधार गर्नपर्छ, उत्पादन अभिवृद्धि गरेर जानुपर्छ, आयातमा मात्रै निर्भर हुन हुँदैन ।’

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष एवं उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले संघीयतालाई मजबुद बनाउने गरी योजना अघि बढाइनुपर्ने बताए । ‘प्रदेशमा जनशक्ति छैनन्, प्रभावकारी कामका लागि कानुन छैनन्’, उनले भने, ‘प्रदेशलाई स्रोत र साधनबाट सबल नबनाइ मुलुकको समृद्धि हुन सक्दैन ।’ उनले मुलुकको विकासका लागि योजनाबद्ध विकास अवधारणा अघि बढाइनुपर्नेमा जोड दिए ।

नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष एवं पूर्वमन्त्री रञ्जिता श्रेष्ठले राजनीतिक तथा न्यायिक क्षेत्रमा सुशासन कायम गर्ने, स्वास्थ्य शिक्षा, रोजगार, आवास र अन्य क्षेत्रमा सामाजिक न्याय स्थापित गरी राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाइनुपर्ने बताए । ‘सोह्रौं योजनाले लिएको लक्ष्य र उद्देश्य हासिल गर्न सबै तहबीचको अन्तरसम्बन्ध मजबुद बनाइ कार्यात्मक क्षमताको भरपुर उपयोग गर्नुपर्छ, सबै राजनीतिक दल जिम्मेवार र एकताबद्ध भई मुलुकको समृद्धिका निम्ति साझा लक्ष्यका साथ अघि बढ्न जरुरी छ’, उनले भने ।

पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले मुलुकको आर्थिक विकासमा प्राथमिकताप्राप्त आयोजना छनोट गरेर जानुपर्नेमा जोड दिँदै उनले आयोजना छनोट र बजेट विनियोजनमा विशेष ध्यान दिइनुपर्ने बताए । पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले पछिल्लो समय अर्थतन्त्रमा सुधार हुँदै गएको उल्लेख गर्दै कम लगानीबाट बढि प्रतिफल लिने नीति अख्तियार गरिनुपर्ने बताए ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले आयोगको पुन:संरचना गरेर कानुनीरूपमा थप सलब बनाएर जानुपर्ने बताए । आयोगलाई सबल बनाउन सकेको खण्डमा मात्र १६औं योजनाका रणनीति र कार्यनीति कार्यान्वयनका लागि सहज हुने धारणा व्यक्त गरे । कार्यक्रममा संघीय संसद्मा प्रतिनिधित्व गर्ने संसदीय दलका नेताहरू, उपप्रधानमन्त्रीहरू, मुख्यमन्त्री, संघीय संसद्का समितिका सभापति, राष्ट्रिय सुरक्षा सल्लाहकारलगायतको उपस्थिति थियो ।

## नेपाल–चीन १७औं आर्थिक तथा व्यापार मेला हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल–चीन (तिब्बत) १७औं आर्थिक तथा व्यापार मेला यही वैशाख १७ गते आयोजना हुने भएको छ । नेपाल सरकार र चीनको स्वशासित क्षेत्र तिब्बतको वाणिज्य विभागवीच सन् १९९० मा सम्पन्न दुई देशका सरकारको व्यापार प्रतिनिधिमण्डलबीच भएको सम्झौताअनुसार प्रत्येक दुई/दुई वर्षमा सो मेला हुँदै आएको छ ।




नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतमा दुई वर्षमा आलोपालो हुनेगरी आर्थिक तथा व्यापार मेला आयोजना गर्ने सम्झौता बमोजिम मेला आयोजना गर्ने गरी तयारी गरिएको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले जनाएको छ ।

नेपाल चीन (तिब्बत)बीच दुई पक्षीय आर्थिक तथा व्यापार आर्थिक र व्यापारिक सम्वन्ध अझ विस्तार गर्ने मेलाको प्रमुख उद्देश्य रहेको केन्द्रले आज यहाँ पत्रकार सम्मेलन आयोजना गरी जनाएको छ ।

मेलामा चीन (तिब्बत)बाट स्वशासित क्षेत्र तिब्बतका सरकारी प्रतिनिधिको रूपमा चीनको स्वशासित क्षेत्र तिब्बत सरकारका उपाध्यक्ष लङ फुकुअनको नेतृत्वमा पाँच सदस्यीय उच्चस्तरीय प्रतिनिधिमण्डलसहित करिब १२५ व्यापारी प्रतिनिधिको सहभागिता रहनेछ ।

मेलामा चीन (तिब्बत)को तर्फबाट ५० प्रदर्शनी कक्ष रहने केन्द्रले जनाएको छन् । तिब्बतका स्टलहरूमा परम्परागत जडीबुटी, कृषिजन्य उत्पादन, आधुनिक कृषि औजार, चिया, विद्युतीय उपकरण, घरायशी प्रयोगका साधन, कार्पेट, पेयपदार्थ, परम्परागत हस्तकलाका सामान, परम्परागत धुप, दुई पाङ्गे, तीन पाङ्गे, चार पाङ्गे, विद्युतीय सवारी साधन र सौन्दर्य प्रशोधनका अतिरिक्त बिभिन्न व्यापारिक कम्पनीहरूले समेत भाग लिने छन् ।

यसैगरी नेपालको तर्फबाट १५ प्रदर्शनी कक्ष रहने छन् । नेपाली कक्षमा जडीबुटी, कफी, चिया, हस्तकला/काष्ठकला, धातुकला, कार्पेट, पश्मिनालगायत विभिन्न कम्पनीका उत्पादनहरू प्रदर्शित गरिने छन् । मेलाको अवसरमा दुई पक्षबीच विभिन्न व्यवसायिक बैठकसमेत आयोजना हुनेछन् । मेला बिहान १० बजेदेखि बेलुका ६ बजेसम्म खुल्ला रहने छ । मेलामा प्रवेश नि:शुल्क गरिएको छ ।

## समृद्धि फाइनान्सका ग्राहकलाई डिलाइट टेलरीङ सेन्टरमा छुट

**काठमाडौं (प्रस)–** समृद्धि फाइनान्स कम्पनि लिमिटेडले बैशाख १३ गते डिलाइट टेलरीङ सेन्टर, पुतलिसडक काठमाडौंसँग समझदारी गरेको छ ।

उक्त समझदारी अन्तर्गत समृद्धि फाइनान्सका ग्राहकहरूले बिहीबारदेखि समृद्धि मोबाइल बैकिङ्ग, डेविड कार्ड तथा सीआईपीएस प्रयोग गरि उक्त टेलरीङ सेन्टरमा नयाँ कपडा खरिद गर्दा १० प्रतिशत छुट पाउने



छन् । यो सुविधाबाट फाइनान्सका सम्पुर्ण ग्राहकहरू लाभान्वित हुने विश्वास फाइनान्सले लिएको छ । सो समझदारी पत्रमा फाइनान्स कम्पनीका तर्फबाट प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत शुभाष श्रेष्ठ र डिलाइट टेलरीङ सेन्टरका तर्फबाट संस्थापक नरेश घलेले हस्ताक्षर गरेको फाइनान्सले जनाएको छ ।

नेपाल राष्ट्र बैंकबाट ‘ग’ वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तिय संस्था समृद्धि फाइनान्सले हाल तेह्र वटा शाखाहरू मार्फत नगद कारोवार, आर.टि.जि.एस, आइपीएस, कनेक्ट आइपीएस, रेमिटान्स, क्लियरिङ्ग लगायतका बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ भने मोवाइल बैंकिङ्ग, डेबीट कार्ड, क्यू.आर कोड आदि डिजिटल सुविधाहरू निशूल्क प्रदान गरिरहेको छ ।

**मुखको स्वास्थ्यमा ध्यान दिऔं**

**दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदा:**

- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,
- नियमित रूपमा मुख तथा गिजाको जाँच गराऔं,

गम्भीर रोगबाट बचौ र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ